# आर्थिक ऐन

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
३ प्रदेश, नेपाल
कमलपोखरी, ललितपुर
२०७३

## २०७४

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कमलपोखरी, ललितपुर
३ प्रदेश, नेपाल

# आर्थिक ऐन

# २०७४

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कमलपोखरी, ललितपुर
३ प्रदेश, नेपाल

# महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, ललितपुरको आर्थिक ऐन,२०७४

**महालक्ष्मी नगरपालिका, ललितपुरको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** महालक्ष्मी नगरपालिका, ललितपुरको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम महालक्ष्मी नगरपालिका, ललितपुरको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. **व्यवसाय करः** महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (२) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

४. **जडिबुटी, कवाडी र जीवजन्तु करः** महालक्ष्मी नगरपालिका,ललितपुर क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (३) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

५. **सवारी साधन करः** महालक्ष्मी नगरपालिका,ललितपुर क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (४) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

६. **विज्ञापन करः** महालक्ष्मी नगरपालिका,ललितपुर क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **मनोरन्जन कर**: महालक्ष्मी नगरपालिका,ललितपुर क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (६) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **बहाल बिटौरी शुल्क**: महालक्ष्मी नगरपालिका,ललितपुर क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **पार्किङ शुल्क**: महालक्ष्मी नगरपालिका,ललितपुर क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क**: महालक्ष्मी नगरपालिका,ललितपुरले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (९) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **सेवा शुल्क, दस्तुर**: महालक्ष्मी नगरपालिका,ललितपुरले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १० मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **पर्यटन शुल्क**: महालक्ष्मी नगरपालिका,ललितपुरले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची ११ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१३. **घर जग्गा रजिष्ट्रेशन**:महालक्ष्मी नगरपालिका,ललितपुरले आफ्नो क्षेत्रभित्र घर जग्गा रजिष्ट्रेसन वापतको रकम कार्यापालिकाले तोकिए बमोजिम हुनेछ ।

१४. **कर छुट**: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि**: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि महालक्ष्मी नगरपालिका, ललितपुरले तोके अनुसार हुने छ ।

आत्माराम सत्याल
कार्यकारी अधिकृत

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
३ प्रदेश, नेपाल
कमलपोखरी, ललितपुर

महालक्ष्मी नगरापालिका कार्यालय, ललितपुरवाट आ.व.०७४/७५ मा तपशिलमा उल्लेखित शिर्षकहरुमा आर्थिक ऐन, २०७४ वमोजिम करका दरहरु लिने निर्णय गरियो ।

दफा (२) संग सम्बन्धित

## अनुसूची १

### महालक्ष्मी नगरपालिका,ललितपुरले आफ्नो क्षेत्रभित्र लगाउने एकीकृत सम्पत्ति करको दर

महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको कार्यालय,ललितपुरको एकीकृत सम्पत्तीकर संकलन तथा ब्यबस्थापन निर्देशिका, २०७४ वमोजिममा ब्यबस्था भएका अनूसूची र लगाइने कर वमोजिम नै हुने

आत्माराम सत्याल
कार्यकारी अधिकृत

महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको कार्यालय ३ प्रदेश, नेपाल कमलपोखरी, ललितपुर २०७३

दफा (३) संग सम्बन्धित

## अनुसूची २

### महालक्ष्मी नगरपालिका, ललितपुरले आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा देहाय वमोजिमको ब्यबसायमा लगाउन सक्ने करको न्यूनतम तथा अधिकतम दर

तपशिल

| क.सं | १) ब्यापारिक बस्तु | प्रस्तावित कायम दर ०७४।७५ |
|---|---|---|
| १ | चुरोट, रक्सी, ज्वेलरी,भिडियो क्यासेट रिकर्डर तथा प्लेयर आदिको थोक तथा खुद्रा ब्यपारमा | खुद्रा ८००।<br>थोक १२००। |
| २ | निर्माण सामाग्री, कम्प्युटर, बिद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ जस्ता बस्तु थोक तथा खुद्रा ब्यापारमा | खुद्रा ५२५।<br>थोक ११००। |
| ३ | दैनिक उपभोगका खाद्य पदार्थ, सुती कपडा आदी थोक तथा खुद्रा ब्यापारमा | खुद्रा ४००।<br>थोक ७००। |
| ४ | सवारी साधन बिकेतामा | २ पांग्रे ५००।<br>४ पांग्रे १०००। |
| **क.सं** | **२) बिशेषज्ञ परामर्श तथा अन्य ब्यवसायिक सेवा** | **प्रस्तावित कायम दर ०७४।७५** |
| १ | चिकित्सक | ५००। |
| २ | कबिराज | ४००। |
| ३ | इन्जिनियर | ५००। |
| ४ | कानुन ब्यवसायी | ५००। |
| ५ | लेखा परीक्षक | ५००। |
| ६ | दन्त चिकित्सक | ५००। |
| ७ | अनुसन्धानकर्ता तथा परामर्शदाता | ५००। |
| ७ | कम्प्युटर एनालिस्ट तथा प्रोगामर | ५००। |
| ८ | बिमा एजेन्ट | ५००। |
| ९ | सर्भेयर | ५००। |
| १० | अनुबादक | ५००। |
| ११ | पशु चिकित्सक | ५००। |
| १२ | शेयर दलाल | ५००। |
| १३ | सामान ढुवानीकर्ता तथा कम्पनी | ७५०। |
| १४ | संस्थागत पेन्टर | ५०००। |
| **क.सं** | **३) निर्माण ब्यवसाय** | **प्रस्तावित कायम दर ०७४।७५** |

| | | |
|---|---|---|
| १. | नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा | ३०००। |
| २. | नगरपालिकामा प्रधान कार्यालय नभएको निर्माण व्यवसायमा | २०००। |
| क.सं | ४) उत्पादन मुलक उद्योग | प्रस्तावित कायम दर ०७४।७५ |
| १ | कोरा माल वा अर्ध प्रसोधित माल वा खेर गईरहेको माल सामानको वा अन्य माल सामान प्रयोग वा प्रसोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसायमा | २०००। |
| क.सं | ५) उर्जा मुलक उद्योग | प्रस्तावित कायम दर ०७४।७५ |
| १ | जलस्रोत, वायु, सौर्य शक्ति कोईला, प्राकृतिक तेल, ग्यास,वायोग्यास तथा अन्य श्रोतहरु बाट उर्जा पैदागर्ने उद्योग व्यवसायमा | २२००। |
| क.सं | ६) कृषि तथा वनजन्य उद्योग | प्रस्तावित कायम दर ०७४।७५ |
| १ | कृषि तथा वनजन्य उद्योग<br>कृषि वन वनपैदावारमा आधारित उद्योग व्यवसायमा<br>प्रस्तावित दरमा ५० प्रतिशत छुट हुने | १५००। |
| | | |
| क.सं | ७) खनिज उद्योग | प्रस्तावित कायम दर ०७४।७५ |
| १ | खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | १७००। |
| क.सं | ८) पर्यटन उद्योग | प्रस्तावित कायम दर ०७४।७५ |
| १ | पर्यटक आवास, मोटेल, होटेल, रेष्टुरा,रिसोर्ट, ट्राभल एजेन्सी, स्कीइङ्ग ग्लाईडिंग, वाटर -याफटिंग,पोनी ट्रेकिंग, पदयात्रा, हटयएर ब्यालुनिङ्ग, प्यारा सेलिङ्ग, गल्फ कोर्स, पोलो,अश्यारोहण आदि उद्योग व्यवसाय | २५००। |
| | | |
| क.सं | ९) सेवा उद्योग | प्रस्तावित कायम दर ०७४।७५ |
| १ | छापाखाना,परामर्श सेवा, जिनिंग तथा वेलिंग व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफि, प्रयोगशाला, हवाई सेवा शित भण्डार आदि उद्योग व्यवसायमा | ५००। |
| क.सं | १०) निर्माण उद्योग | प्रस्तावित कायम दर ०७४।७५ |
| १ | सडक ,पूल, रोपवे, ट्रलिबस, टनेल, फ्लाईंग बृज तथा औद्योगिक व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन संचालन गर्ने उद्योग व्यवसायमा | ४५००। |
| क.सं | ११) संचार सेवा | प्रस्तावित कायम दर ०७४।७५ |
| १ | निजी क्षेत्रको हुलाक सेवा | ५००। |

| | | |
|---|---|---|
| २ | निजी क्षेत्रको टेलिफोन फ्याक्स,फोटोकपि,मोबाईल फोन,एस.टि.डि. आ.ई.एस.डि. ईमेल इन्टरनेट, रेडियो पेजिंग,आदि | ५५०। |
| ३ | दुर संचारको टावर राख्ने अनुमति सिफारिस | १००००। |
| ४ | कुरियर सेवा | ५००। |
| ५ | छपाई तथा प्रकाशन | ६००। |
| **क.सं** | **१२) बित्तिय सेवा** | **प्रस्तावित कायम दर ०७४।७५** |
| १ | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने बाणिज्य बैंक | ५०००। |
| २ | आर्थिक कारोबार समेत गर्ने बित्तिय कम्पनी को मूख्य कार्यालय | ५०००। |
| ३ | बित्तिय कम्पनी शाखा कार्यालय | १०००। |
| ४ | बिमा कम्पनी | ५०००। |
| ५ | बिदेशी मुद्रा सटही | १०००। |
| ६ | धितोपत्र कारोबार | २०००। |
| ७ | सहकारी बैंक | १०००। |
| **क.सं** | **१३) स्वास्थ्य सेवा** | **प्रस्तावित कायम दर ०७४।७५** |
| १ | गैर सरकारी अस्पताल | २५००। |
| २ | नर्सिंग होम | ३०००। |
| ३ | क्लिनिक तथा ल्याब | १०००। |
| **क.सं** | **१४) शिक्षा सेवा** | **प्रस्तावित कायम दर ०७४।७५** |
| १ | निजी क्षेत्रका स्कूल, क्याम्पस, बिश्वबिद्यालय | १०००। |
| २ | तालिम तथा अनुसन्धान केन्द्र | १५००। |
| ३ | टाइपिंग, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | ११००। |
| ४ | अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | ३०००। |
| **क.सं** | **१५) मर्मत तथा संभार सेवा** | **प्रस्तावित कायम दर ०७४।७५** |
| १ | हेभी इक्विपमेन्ट, बस, ट्रक, कार मोटरसाइकल, टेम्पो, साइकल मर्मत कारखाना | हेभीतर्फ १०००।<br>लाईट ५००।<br>साईकल ३००। |
| २ | रेडियो, टि.भि. घडी, प्रेशर कुकर, हिटर, टेलिफोन सेट, बिद्युत सामाग्री मर्मत केन्द्र | ५००। |
| **क.सं** | **१६) अन्य सेवा** | **प्रस्तावित कायम दर ०७४।७५** |
| १ | बिज्ञापन सेवा | ५००। |
| २ | बैदेशिक रोजगार सेवा | १५००। |
| ३ | स्वदेशी रोजगार सेवा | ४००। |
| ४ | सेक्रेटेरियल सेवा | १०००। |
| ५ | हाउजिंग कम्पनी तथा घर जग्गा खरिद बिक्री रियल स्टेट | ५०००। |
| ६ | ब्युटीपार्लर, केश श्रृंगार, ड्राई क्लिनर्स, फोटो स्टूडियो,सिलाई | ४००। |
| ७ | साईन बोर्ड बनाउने पेन्टिंग सेवा | ५००। |

महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको कार्यालय ३ प्रदेश, नेपाल कमलपोखरी, ललितपुर २०७३

| | | |
|---|---|---|
| ८ | पशु बधशाला | १०००। |
| ९ | फूल र बिरुवा बिक्रेता | ४००। |
| १० | पुल हाउस | ५००। |
| ११ | खोटो व्यवसायी | ४००। |
| १२ | सिसा प्लाईउड बिक्रेता | ५००। |
| १३ | भाँडाकुडा बिक्रेता | ५००। |
| १४ | स्टील काठ फर्निचर बिक्रेता | १०००। |
| १५ | खेलौना, उपहार बिक्रेता | ५००। |
| १६ | केबुल नेटवर्किंग | ५०००। |
| १७ | इन्टरनेट नेटवर्किंग | ५०००। |
| **क.सं** | **१७) अन्य व्यवसाय** | **प्रस्तावित कायम दर ०७४।७५** |
| १ | पार्क, पिकनिक स्पट | ७५०। |
| २ | कयासिनो | ५००००। |
| ३ | टुर अपरेटर | २५००। |
| ४ | मसाज पार्लर | १०००। |
| **क.सं** | **१८) अस्थायी हाट बजार वा घुम्ती पसल पटके** | **प्रस्तावित कायम दर ०७४।७५** |
| १ | घुम्ती (मोबाईल) पसल खुन्चा | ५। |
| २ | चैपाया प्रति गोटा | ५। |
| ३ | हाँस कुखुरा आदी प्रति गोटा | ५। |
| ४ | साग सब्जी तथा फलफूल पसल | ३। |
| ५ | अन्यको हकमा | ५। |
| ६ | प्रति इट्टा एक हजार गोटामा ०.२५ पैसा ब्यबसाय कर लिने<br>क. ०.१० प्रतिशत वातावरण शूल्क<br>ख. ०.१५ प्रतिशत सेवा शूल्क | ।२५ पैसा |
| ७ | गैर सरकारी संस्था आवद्धता | १०००। |
| ८ | पानी बोक्ने ट्याङ्करको प्रति ट्याङ्कर व्यबसाय कर | ५०। |
| ९ | भूमीगत जलश्रोत तथा सतह श्रोत मार्फत पानी संकलन गरी व्यबसाय गर्ने व्यबसायीहरुलाई प्रति ट्याङ्कर व्यबसाय कर | २५। |
| १० | मासुजन्य व्यबसायको व्यबसाय कर<br>क. राँगा<br>ख. खसी र बोका<br>ग.कुखुरा र हाँस | <br>१५००।<br>१०००।<br>५००। |
| ११ | मासुजन्य उद्योगको व्यबसाय कर<br>क. राँगा<br>ख. खसी र बोका<br>ग.कुखुरा र हाँस | <br>५०००।<br>३०००।<br>२०००। |

| | | |
|---|---|---|
| १२ | ईट्टा व्यवसाय दर्ता आवद्धता | १००००। |
| १३ | नगरपालिकावाट स्वीकृती हुने घर जग्गा र कन्सल्टेन्सी प्रमाण पत्र वापत | ३०००। |
| १४ | नगरपालिकाभित्र संचालन हुने क्लीनिक दर्ता प्रमाण पत्र वापत | ३०००। |
| १५ | भूकम्प प्रतिरोधी भवन निमार्ण सम्बन्धी तालिम लिएका निमार्ण व्यवसायी/ स्थानीय ठेकेदारले सूचीकृत गर्नुपर्ने | ५००। |
| १६ | माथीको बर्गिकरणमा समावेश नभएको सेवा व्यवसाय कारोबारमा र स्तर हेरी बार्षिक रुपमा | १०००। |

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
३ प्रदेश, नेपाल
कैमलपोखरी, ललितपुर
२०७३

आत्माराम सत्याल
कार्यकारी अधिकृत

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
३ प्रदेश, नेपाल
कैमलपोखरी, ललितपुर
२०७३

दफा (४) संग सम्बन्धित

## अनुसूची ३

महालक्ष्मी नगरपालिका, ललितपुरले देहायका माल बस्तुमा देहायका न्यूनतम तथा अधिकतम कर दर सीमा भित्र रही तोकिए वमोजिम ब्यबासायी कारोवारमा लगाइने कर

| सिनं | नाम | प्रस्तावित कायम दर ०७४।७५ |
|---|---|---|
| १ | कवाडी ब्यबसायमा | २००००। |
| २ | प्रचलित कानुनले निषेध गरेका जीव जन्तु वाहेक अन्य मृत वा मारिएको हाड सिङ्ग छाला प्वाख जस्ता ब्यबसायीक कारोवारमा | ३०००। |

आत्माराम सत्याल
कार्यकारी अधिकृत

दफा (५) संग सम्बन्धित

अनुसूची ४

क. महालक्ष्मी नगरपालिका, ललितपुरले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने सवारी करको न्यूनतम तथा अधिकतम दर

सवारी दर्ता तथा वार्षिक सवारी कर

| सि.नं. | सवारी दर्ता तथा बार्षिक सवारी दर | प्रस्तावित कायम दर ०७४।७५ |
|---|---|---|
| १ | बस, ट्रक, लरी र अन्य हेभी गाडीमा | १५००। |
| २ | भाडाका कार, जिप, भ्यानमा | ३००। |
| ३ | भाडाको ट्याम्पो | २००। |
| ४ | भाडाको मिनी बस | ३००। |
| ५ | निजी कार ट्याम्पो मिनीबसमा | २००। |
| ६ | स्कुटर मोटर साईकिल तथा अन्य सवारी साधन मा | १००। |
| ७ | ठेलागाडा तथा रिक्सा | १५। |

ख.महालक्ष्मी नगरपालिका, ललितपुरले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने सवारी दर्ता तथा संचालन इजाजत दस्तुर

| सि.नं. | दर्ता तथा संचालन इजाजत दस्तुर | प्रस्तावित कायम दर ०७४।७५ |
|---|---|---|
| १ | नगरपालिका क्षेत्रमा ठेला रिक्सा दर्ता गरी नम्बर दिए बापत | १५। |

आत्माराम सत्याल
कार्यकारी अधिकृत

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
३ प्रदेश, नेपाल
कमलपोखरी, ललितपुर
२०७३

दफा (६) संग सम्बन्धित

अनुसूची ५

महालक्ष्मी नगरपालिका,ललितपुरले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने बिज्ञापन कर

| सि.नं. | शिर्षक | इकाई | कायम दर | | कैफियत |
|---|---|---|---|---|---|
| | | | पटके | वार्षिक | |
| १. | होर्डिङ्ग बोर्ड, नियोन साइन तथा अन्य ठूला बिद्युतिय बोर्डहरु | प्रति वर्ग फिट | - | रु.५०/- | |
| २. | ग्लो साइन बोर्ड, डिपिइस बोर्ड आदी | प्रति वर्ग फिट | - | रु.१००/- | |
| ३. | भित्ते लेखन/सटरमा समेत | प्रति वर्ग फिट | १०/- | २०/- | |
| ४. | गेट निर्माण | प्रति दिन रु १,०००/-<br>क. ब्यापारीक नाफामूलक संस्थाको प्रयोजनका लागी मात्र कर लिने। | | | |

आत्माराम सत्याल
कार्यकारी अधिकृत

**दफा (७) संग सम्बन्धित**

**अनुसूची ६**

**नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने मनोरञ्जन करको दर**

क. सिनेमाहल, भिडियो हल, सांस्कृति प्रर्दशन हल, थिएटर संगित, मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थल, पुरातात्विक स्थल एंवम धार्मिक महत्वका सम्पदाको प्रवेश शूल्कमा ३ प्रतिशत लगाइने छ ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल एंवम धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरीकलाइ यस प्रकरण वमोजिम शूल्क लिइने छैन ।

ख. जादु, सर्कस, चटक आदीमा प्रति दिन रु १०००। रुपैया सम्म लगाइने छ ।

ग. केबुल नेटवकिंग र इन्टरनेट नेटवकिंगका लागि प्रति ग्राहक रु ५ लगाइने छ ।

महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको कार्यालय ३ प्रदेश, नेपाल कमलपोखरी, ललितपुर २०७३

आत्माराम सत्याल कार्यकारी अधिकृत

दफा (८) संग सम्बन्धित

अनुसूची ७

**नगरपालिकाले आफ्नो क्षेत्र भित्र आफूले निर्माण रेखदेख वा संचालन गरेका देहाय वमोजिमका कर लाग्ने**

क. आफ्नो क्षेत्रमा आफूले निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्ग फुट मासिक वहाल विटौरी २ रुपैया लगाइने छ ।

ख. आफ्नो क्षेत्रभित्रको घर,पसल,ग्यारेज,गोदाम,टहरा,शेड(छप्पर),कारखाना,जग्गा वा पोखरी आदी पूरै आंशिक रुपमा वहालमा दिएकोमा सम्बन्धीत धनीवाट वहाल रकमको प्रत्येक सिफारिसमा कुल भाडा रकमको २ प्रतिशत ले हुन आउने रकम लगाइने छ ।

आत्माराम सत्याल
कार्यकारी अधिकृत

दफा (९) संग सम्बन्धित

अनुसूची ८

नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने पार्किङ्ग शूल्कको दर

गरपालिकाले आफूले ब्यबस्था गरेको सवारी पार्कमा पार्किङ्ग गरिएका बस, मिनिबस ट्रक, ट्याक्टरमा पार्कि र्ने समयको आधारमा एक पटकमा ४० रुपैयामा नवढाई पार्किङ्ग शूल्क लगाइने छ ।

रपालिकाले आफूले निर्माण गरी संचालन गरेको आधुनिक सुविधा सम्पन्न वसपार्कमा नगर परिषदले निर्धारण गरे वमोजिमको ङ्ग शूल्क लगाइने छ।

रपालिकाले आफुले तोकेको कार पार्किङ्ग क्षेत्रमा गर्ने पार्किङ्ग गर्ने कारमा पार्किङ्ग गर्ने समयको आधारमा एक पटकमा वढीमा पैयासम्म पार्किङ्ग शूल्क लगाइने छ।

रण क, ख र ग मा उल्लेखित सवारी साधन वाहेक अन्य सवारी साधनहरुका लागि नगरपालिकाले ब्यवस्था गरेका मा पार्किङ्ग समयको आधारमा वढीमा १० रुपैया पार्किङ्ग शूल्क लगाइने छ।

आत्माराम सत्याल
कार्यकारी अधिकृत

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
३ प्रदेश, नेपाल
कमलपोखरी, ललितपुर
२०७३

दफा (१०) संग सम्बन्धित

## अनुसूची ९

साइकलिङ्ग, हाइकिङ्ग, ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा र ब्यबसाय गरे वापत देहा वमोजिमको शुल्कको दर

क. प्रवेश शूल्कमा ५ प्रतिशत लगाइने छ ।

आत्माराम सत्याल
कार्यकारी अधिक

दफा (११) सँग सम्बन्धित

अनुसूची १०

नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने सेवा शूल्क देहाय वमोजिम लिइने छ ।

सम्पती मूल्यांन गर्दा प्रति हजार ।५० पैसा का दरले सेवा शूल्क लिइनेछ ।

नगरपालिका क्षेत्र भित्र नयां घर निर्माणको लागि नक्सापास,नक्सा नामसारी,नक्सा नविकरण ,बिद्यालय अनुमती गर्दा देहाय मोजिम शुल्क तथा दस्तुर लिन सक्नेछ ।

| क.स. | विषय | दर |
|---|---|---|
| १ | आवसीय भवनको नक्सापास (प्रतिवर्ग फुट) | ७/- |
| २ | व्यबसायीक भवनको नक्सापास (प्रतिवर्ग फुट) | ११/- |
| ३ | नक्सा नामसारी | २/- |
| ४ | नक्सा नामसारी तिनपुस्ते भित्र प्रति नक्सा | ५०० - |
| ५ | घर नक्सा संशोधन प्रतिनक्सा | २५००/- |
| ६ | नक्सा नविकरण प्रतिवर्ग फुट | ३/- |
| ७ | घरवाटो सिफारिस दस्तुर : प्रतिआना | |
| | (क) पिच सडक | ३५०/- आना पछिको इकाई लाई कर प्रयोजनको लागि गणना नगरिने । |
| | (ख) कच्ची मोटरवाटो | २००/- |
| | (ग) गोरेटो वाटो | १५०/- |
| | (घ) वाटो नभएको | १००/- |
| | ङ)अंशबण्डा प्रयोजन प्रति सिफारीस | ५००/ |
| | च)चार किल्ला सिफारिस प्रतिआना | ५००/- |
| | छ)पुर्जामा घर जनाउने प्रति सिफारिस | ५००/- |
| ८ | पिच सडक खन्न स्वीकृती प्रतिवर्ग मिटर | ५०००/- |
| ९ | विद्यालय आवद्धता | |
| | (क) उच्चमा.वि. तथा सो भन्दा माथि प्रति संकाय | १००००/- |
| | (ख) मा.वि. | ७०००/- |
| | (ग) नि.मा.वि. | ५०००/- |
| | (घ) प्रा.वि. | ४०००/- |
| | (ङ) पुर्व प्रा.वि./मण्टेश्वर दर्ता | ५०००/- |
| १० | उल्लेखित बिद्यालय दर्ता गर्दा धौरटी जिल्ला शिक्षाले निर्धारण गरे वमोजिम हुनेछ । | |
| ११ | घर नक्शा प्रमाणपत्र प्रतिलिपि प्रमाणित | १५००/- |
| १२ | अस्थायी स्वीकृती प्रमाणपत्र प्रति नक्शा | ५००/- |
| १३ | स्थायी स्वीकृती प्रति नक्शा | ५००/- |
| १४ | आवासिय भवनको निर्माण सम्पन्न प्रमाणपत्र दिंदा प्रति वर्ग फुट | ३/- |

| | | |
|---|---|---|
| १५ | ब्यबसायीक भवनको निर्माण सम्पन्न प्रमाणपत्र दिंदा प्रति वर्ग फुट | ५ - |
| १६ | आवासिय भवनको अभिलेखीकरण प्रमाणपत्र दिंदा प्रति वर्ग फुट | ३ - |
| १७ | ब्यबसायीक भवनको अभिलेखीकरण प्रमाणपत्र दिंदा प्रति वर्ग फुट | ५/- |
| १८ | नक्सा दरखास्ता फारम | १०००/- |
| १९ | निर्मित भवनको अभिलेखकिरण दरखास्त फारम | ५००/- |
| २० | जग्गा प्लटिङ्ग गर्दा शहरी विकास मन्त्रालयले जारी गरेको मापदण्ड शर्त पुरा गरे पश्चात नपावाट निजि ब्यबसाय स्वीकृत गरे वापतको सेवा शूल्क प्रति आना | २००/- |

ग. माथी सूचीमा उल्लेख नभएका विषयमा नगरपालिकावाट सिफारिस गर्नु परेमा न्यूनतम रु ५ सय सेवा शूल्क वापत लगाउन सक्नेछ ।

घ. ब्यबसाय,गैरसरकारी संस्था,व्यक्ति,फर्म आदीको वार्षिक नविकरण गर्दा प्रथम पटक नगरपालिकामा आवद्धता हुँदाको कर रकमको ५० प्रतिशत सेवा शूल्क वापत लगाइनेछ ।

आत्माराम सत्याल
कार्यकारी अधिकृत

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
३ प्रदेश, नेपाल
कमलपोखरी, ललितपुर

दफा (११) संग सम्बन्धित

अनुसूची १२

नगरपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने पर्यटन सेवा शूल्क देहाय लगाउने छ ।

क. सार्क राष्ट्र १ सय रुपैया

ख. अन्य राष्ट्र रु ३ सय रुपैया

आत्माराम सत्याल
कार्यकारी अधिकृत